# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन १३ गते २०१५ साल

### गृहमन्त्रालयको विज्ञप्ति

२।६।०१५

राष्ट्र सेवकको भ्रष्टाचार निवारण ऐन २०१३ को दफा १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको सूचना निकालेको छ।

१. विशेष पुलिस विभागले कार्यबाही निमित्त लेखिपठाएको ९ जिल्लामा हुने, पर्ने उक्त ऐनको परिच्छेद २ अन्तर्गतका केसहरूको तहकिकात गर्न संबन्धित जिल्लाका बडा हाकिमहरुले उक्त ऐन परिच्छेद ३ बमोजिम तहकिकात संबन्धी कार्य बाही गरी खडा भएको मिसिल कागजातसमेत ऐन सवालको रीत पुर्‍याइ बिशेष पुलिस बिभागमा पठाइ दिने गरी जिल्ला बडाहाकिमहरुलाई बिशेष पुलिस अफिसरको अधिकार प्रयोग गर्ने गरी तोकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. बडाहाकिमहरूले कार्यवाही गर्नासाथ भएगरेका कुराको संक्षिप्त रिपोर्ट विशेष पुलिस विभागमा पठाउनुपर्छ।

आज्ञाले—
जीवनाथ लोहनी
का.मु सचिव गृहमन्त्रालय,

## गृहमन्त्रालयको सूचना

योजना मण्डललाई दरबन्दी भैरहेको चीफ पब्लिसिटी अफिसर पोष्टमा ग्या.अ. श्री सत्यमोहनजोशी र प्रोग्राम अफिसर पोष्टमा ग्या. अ. श्री नरकान्त अधिकारी भाद्र २५ गते २०१५ देखि कायम मुकायम हुनु भएको छ।

सरकारका आदेशबमोजिम
जीवनाथ लोहनी
का.मु. सचिव-गृहमन्त्रालय



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।